# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असार २४ गते २०५९ साल (अतिरिक्ताङ्क ३०

## भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५९ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (पहिलो संशोधन) ऐन, २०५९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २ मा संशोधन : नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ज) मा रहेका "संस्था वा संस्थाबाट मान्यता प्राप्त अन्य कुनै चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरी" भन्ने शब्दहरुको सट्टा "दफा १६ को उपदफा (२) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ :-

"(ज१) "फेलो चार्टर्ड एकाउन्टेन्ट (एफ.सी.ए.)" भन्नाले दफा १७ बमोजिम संस्थाको सदस्यता प्राप्त गरेको सदस्य सम्झनु पर्छ ।"

(३) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

"(ञ) "पेशागत प्रमाणपत्र" भन्नाले पेशागत रुपमा लेखा व्यवसाय गर्न दफा २८ बमोजिम प्रदान गरिएको प्रमाणपत्र सम्झनु पर्छ ।"

(४) खण्ड (ञ) पछि देहायका खण्ड (ञ१), (ञ२), (ञ३), (ञ४), (ञ५) र (ञ६) थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ञ१) "लेखापरीक्षण" भन्नाले पेशागत प्रमाणपत्र लिई प्रचलित कानून बमोजिम गरिने लेखापरीक्षण सम्झनु पर्छ ।

(ञ२) "विदेशी लेखा व्यवसायी संस्था" भन्नाले विदेशी मुलुकमा सार्वजनिक लेखा व्यवसायलाई नियमन गर्ने अधिकार प्राप्त भएको राष्ट्रिय स्तरको चार्टर्ड एकाउन्टेन्ट्स संस्था वा सो सरहको लेखा व्यवसायी संस्था सम्झनु पर्छ ।

(ञ३) "लेखामान बोर्ड (एकाउन्टीङ्ग स्टैण्डर्ड्स बोर्ड)" भन्नाले दफा १५क. बमोजिम गठन भएको लेखामान बोर्ड सम्झनु पर्छ ।

(ञ४) "लेखापरीक्षणमान बोर्ड (स्टैण्डर्ड्स अन अडिटिङ्ग बोर्ड)" भन्नाले दफा १५घ. बमोजिम गठन भएको लेखापरीक्षणमान बोर्ड सम्झनु पर्छ ।

(ञ५) "लेखामान (एकाउन्टीङ्ग स्टैण्डर्ड्स)" भन्नाले लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्नको लागि लेखामान बोर्डबाट व्यवस्थित वा सिफारिस गरिएका लेखामान र तत्सम्बन्धी निर्देशिका तथा व्याख्या सम्झनु पर्छ ।

(ञ६) "लेखापरीक्षणमान (स्टैण्डर्ड्स अन अडिटिङ्ग)" भन्नाले लेखा व्यवसाय र लेखापरीक्षणलाई सुव्यवस्थित र नियमन गर्नको लागि लेखापरीक्षणमान बोर्डबाट व्यवस्थित वा सिफारिस गरिएका लेखापरीक्षणमान र तत्सम्बन्धी निर्देशिका तथा व्याख्या सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२५

(३) उपदफा (७) मा रहेका "लेखा व्यवसायी वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) उपदफा (८) मा रहेका "वा लेखा व्यवसायी" भन्ने शब्दहरु झिकिएका छन् ।

८. मूल ऐनमा परिच्छेद-३क. र ३ख. थप : मूल ऐनको परिच्छेद-३ पछि देहायका परिच्छेद-३क. र ३ख. थपिएका छन् :-

"परिच्छेद-३क.

लेखामान बोर्ड

१५क. लेखामान बोर्डको गठन : (१) लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्नको लागि श्री ५ को सरकारले एक लेखामान बोर्डको गठन गर्नेछ ।

(२) लेखामान बोर्डमा देहायका सदस्यहरु रहनेछन् :-

(क) श्री ५ को सरकारले फेलो चार्टर्ड एकाउन्टेन्टहरुमध्येबाट मनोनीत गरेको एकजना - अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, महालेखापरीक्षकको विभाग - सदस्य

(घ) प्रतिनिधि, महालेखा नियन्त्रकको कार्यालय - सदस्य



४३२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय - सदस्य

(च) महानिर्देशक, कर विभाग - सदस्य

(छ) अध्यक्ष, धितोपत्र बोर्ड - सदस्य

(ज) श्री ५ को सरकारले परिषद्को सिफारिसमा चार्टर्ड एकाउन्टेन्टहरु-मध्येबाट मनोनीत गरेका पाँचजना - सदस्य

(झ) श्री ५ को सरकारले परिषद्को सिफारिसमा दर्तावाला लेखापरीक्षक सदस्यहरुमध्येबाट मनोनीत गरेको एकजना - सदस्य

(३) लेखामान बोर्डले आवश्यक देखेमा सम्बन्धित विज्ञलाई आफ्नो बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (क), (ज) र (झ) मा उल्लिखित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुनः नियुक्त वा मनोनयन हुन सक्नेछन् ।

(५) लेखामान बोर्डको बैठक सम्बन्धी कार्यविधि सो बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) लेखामान बोर्डको सचिवालय संस्थाको प्रधान कार्यालयमा रहनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५ख. लेखामान बोर्डको काम, कर्तव्य र अधिकार : लेखामान बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्न अन्तर्राष्ट्रिय लेखामान (इन्टरनेशनल एकाउन्टीङ्ग स्टैण्डर्ड) समेतको आधार लिई लेखामानको व्यवस्था गर्ने,

(ख) लेखामानको विकास गर्न उपयुक्त विधि तयार गर्ने र लेखामान सम्बन्धी सामग्री प्रकाशन गर्ने,

(ग) लेखामानको संशोधन, सुधार र परिमार्जन गर्ने,

(घ) लेखामानको व्याख्या गर्ने,

(ङ) लेखामान सम्बन्धी अन्य कार्य गर्ने ।

१५ग. पदमा कायम नरहने अवस्था : देहायको कुनै अवस्थामा लेखामान बोर्डको सदस्य आफ्नो पदमा कायम रहने छैन :-

(क) राजीनामा दिएमा,

(ख) विना कुनै सूचना तीन पटकसम्म लेखामान बोर्डको बैठकमा लगातार अनुपस्थित रहेमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको भएमा,



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) मगज बिग्रेमा,

(ङ) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेमा,

(च) मृत्यु भएमा,

(छ) संस्थाको सदस्यको हकमा दफा २२ बमोजिम सदस्यता दर्ता किताबबाट नाम हटाइएमा ।

परिच्छेद-३ख.

लेखापरीक्षणमान बोर्ड

१५घ. लेखापरीक्षणमान बोर्डको गठन : (१) लेखा व्यवसाय र लेखापरीक्षणलाई सुव्यवस्थित र नियमन गर्नको लागि श्री ५ को सरकारले एक लेखापरीक्षणमान बोर्डको गठन गर्नेछ ।

(२) लेखापरीक्षणमान बोर्डमा देहायका सदस्यहरु रहनेछन् :-

(क) श्री ५ को सरकारले फेलो चार्टर्ड एकाउन्टेन्टहरुमध्येबाट मनोनीत गरेको एकजना - अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, महालेखा-परीक्षकको विभाग - सदस्य

(घ) श्री ५ को सरकारले परिषद्को सिफारिसमा चार्टर्ड एकाउन्टेन्टहरु-मध्येबाट मनोनीत गरेका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।